# बुटवल पावर कम्पनीले गर्‍यो नयाँ इतिहासको स्थापना

बुटवल पावर कम्पनी लिमिटेड (बिपिसि) ले चीनका तीन प्रमुख कम्पनीहरुसँग साझेदारी गरेर नेपालको हाईड्रोपावर विकासमा नयाँ इतिहासको स्थापना गरेको छ। मंसिर ६ गतेका दिन काठमाडौंको सोल्टी काउन प्लाजामा आयोजित एक ईभेन्ट मार्फत बुटवल पावर कम्पनीले उक्त साझेदारीको घोषणा गरेको हो। बुटवल पावर कम्पनी लगायत चीनका तीन प्रमुख हाईड्रोपावर कम्पनी सिचुवन प्रोभिन्सल इन्भेष्टमेन्ट ग्रुप कम्पनी लिमिटेड, चेङ्गदु सिंचेन इन्भेष्टमेन्ट ग्रुप कम्पनी लिमिटेड र छिमयूआन इन्जिनीयरिङ्ग कन्सल्टिङ्ग कम्पनी लिमिटेड बीच भएको यस साझेदारीको सुरुवात गण्डकी अञ्चलको उच्च हिमाली क्षेत्रमा अवस्थित तल्लो मर्स्याङ्गदी हाईड्रोपावर प्रोजेक्टबाट हुनेछ। उक्त प्रोजेक्ट १०० मेगावाट भन्दा बढी क्षमता रहने छ र निकट भविष्यमा थप अरु प्रोजेक्टहरुको पनि विकास हुने कुरा कम्पनीले जनाएको छ। यस साझेदारीले अबको ५ वर्षमा करिब २ देखि ३ अर्ब अमेरिकन डलरको लागतमा कम्तिमा १००० मेगावाटको विद्युत उत्पादन गर्ने लक्ष्य लिएको छ।

बुटवल पावर कम्पनीसँग साझेदारी गरेका चीनका तीन कम्पनीहरु पश्चिमी चीनको सिचुवन प्रान्तमा अवस्थित वृहत, प्रतिष्ठित र सफल कम्पनीहरु हुन्। नेपाल जस्तै सिचुवन प्रान्त पनि जलस्रोतमा निकै नै धनी रहेको छ र यसै कारण यहाँ ७५,००० मेगावाट भन्दा बढीको विद्युत सफल्तापूर्वक उत्पादन हुँदै आएको छ। यी मध्ये राज्यको स्वामित्व रहेको सिचुवन प्रोभिन्सल इन्भेष्टमेन्ट ग्रुपले ३७,००० मेगावाटको विद्युत आफ्नै क्षमतामा उत्पादन गर्दै आएको छ।

विभिन्न क्षेत्रमा लगानी रहेको वृहत कम्पनी चेङ्गदु सिंचेन इन्भेष्टमेन्ट ग्रुपले चेङ्गदु शहरको विकासमा अग्रणी भुमिका निर्वाह गरेको छ।

छिमयूआन इन्जिनीयरिङ्ग कन्सल्टिङ्ग कम्पनी चाइनाको प्राईभेट क्षेत्र मध्येको उच्च स्तरीय ईन्जिनीयरिङ्ग र कन्सल्टेन्सी कम्पनी हो जसले सिचुवान क्षेत्रमा हाईड्रोपावर प्रोजेक्ट संचालन गर्दै आएको छ।

बि.स. २०२० सालमा स्थापना भएको बुटवल पावर कम्पनी एक पब्लिक लिमिटेड कम्पनी हो। आफ्नो स्थापनाकालको ५० वर्ष पूरा गरेको बिपिसिले यसै अवसरमा ३७.६ मेगावाटको कावेली “ए” हाईड्रोपावर प्रोजेक्ट र ३० मेगावाटको न्यादी हाईड्रोपावर प्रोजेक्टको सुरुवात गरेको छ। बिपिसिले १२ मेगावाटको झिम्रुक र ९.४ मेगावाटको आँधिखोला पावर प्लान्ट संचालन गर्दै आएको छ। यसका साथै बिपिसिले खिम्ती र खुदी प्लान्टमा समेत लगानी

गरेको छ। नेपालका पश्चिमी भागमा अवस्थित स्याङ्गजा, पाल्पा, प्यूठान र अर्घखाँची जिल्लाका ५०,००० भन्दा बढी घरहरुलाई बिजुली प्रदान गर्दै आएको बिपिसिले पावर प्लान्टको संचालन तथा मर्मत-संभार, हाईड्रोपावर ईन्जिनीयरिङ्ग सम्बन्धि सल्लाह-सुझाव, हाईड्रो-मेकानिकल र ईलेक्ट्रो मेकानिकल उपकरणहरुको उत्पादन तथा मर्मत-संभार जस्ता कार्यहरुमा समेत आफ्नो भुमिका निर्वाह गर्दै आएको छ।